## राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा (सातौं संशोधन) ऐन, २०४६" रहेको छ ।

(२) यो ऐनको दफा ३, २०४५ साल मार्ग १५ गतेदेखि प्रारम्भ भएको मानिनेछ र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ को दफा ५ मा संशोधनः राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ५ को उपदफा (६) मा रहेको "एक पटक पन्ध्रसय रूपैयाँ सो सदस्यलाई एकमुष्ट दिइनेछ" भन्ने शब्दहरूको सट्टा "तीस दिनमा नबढ्ने गरी दिनको एकसय रूपैयाँका दरले सो सदस्यलाई भत्ता उपलब्ध गराइनेछ" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० को,–

(१) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः–

"(४) सभापतिलाई सवारीको निमित्त मोटर एक, मासिक दुईसय पचास लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराइनेछ ।"

(२) उपदफा (४) पछि देहायको उपदफा (४क.) थपिएको छः–

"(४क.) उप-सभापतिलाई सवारीको निमित्त मोटर एक र मासिक एकसय बीस लिटर पेट्रोल उपलब्ध गराइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, यस्तो सुविधा राष्ट्रिय पञ्चायतको अधिवेशन वा समितिको बैठक बस्ने सात दिन अघिदेखि राष्ट्रिय पञ्चायतको अधिवेशन वा समितिको बैठक समाप्त भएको सात दिन पछिसम्म मात्र उपलब्ध हुनेछ।"

(३) उपदफा (६) मा रहेको "पन्ध्र रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पचास रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

४. मूल ऐनको दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ को उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएको छः–

"(१क.) यो उपदफा प्रारम्भ हुनुभन्दा अघि राष्ट्रिय पञ्चायतको सदस्य पदमा निर्वाचित वा मनोनीत भई नेपालको संविधानबमोजिमको पदावधि पूरा गरेको व्यक्तिलाई यो उपदफा प्रारम्भ भएपछि निजको जीवनभर र निजको मृत्यु भएमा निजको पति वा पत्नीलाई सातवर्षसम्म उपदफा (१) बमोजिमको भत्ता दिइनेछ। त्यस्तो सदस्यको मृत्यु यो उपदफा प्रारम्भ हुनुभन्दा अघि नै भै सकेको रहेछ भने निजको पति वा पत्नीलाई यो उपदफा प्रारम्भ भएपछि सातवर्षसम्म त्यस्तो भत्ता दिइनेछ।"

लालमोहर सदर मितिः– २०४६।५।१।५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२९